# आकाशवाणी

प्रमुख समाचार

- भारत र घानाबीचको मित्रता घानाको प्रसिद्ध शुगर लोफ भुइँकटरभन्दा मिठो रहेको प्रधानमन्त्रीको भनाइ
- रक्षा खरीद परिषदद्वारा स्वदेशी माध्यमबाट एक लाख करोड़भन्दा अधिक राशिको दस पूञ्जी अधिग्रहण प्रस्तावलाई स्वीकृति प्रदान
- ओडिशामा विभिन्न नदीको जलस्तर घटेपछि बाढीको स्थितिमा सुधार
- श्रीअमरनाथ यात्रा कडा सुरक्षाबीच आज बिहान श्रद्धालुहरूको यात्रा शुरू अनि
- पाकिस्तानी सेनाद्वारा बलूचिस्तानका छहजनालाई गायब गरिएकोमा चिन्ता व्यक्त

## PM Ghana Parliament Address

प्रधानमन्त्री नरेन्द्र मोदी आज घानाको सफल यात्रापछि पाँच राष्ट्रको आफ्नो भ्रमणको दोस्रो चरणमा त्रिनिदद र टोबागो प्रस्थान हुनुभयो। यसअघि उहाँले राजधानी अकरामा घाना गणराज्यको संसदलाई सम्बोधन गर्नुभयो। उहाँले भारत र घानाबीच सम्बन्धको कुनै सीमा छैन भन्दै दुवै देशबीचको मित्रता घानाको प्रसिद्ध शुगर लोफ भुइँकटरभन्दा पनि अधिक मिठो छ भन्नुभयो। उहाँले घानाको प्रसंसा गर्दै भन्नुभयो............

प्रधानमन्त्री श्री मोदीले भारतलाई लोकतन्त्रको जननी बताउनुभयो अनि लोकतान्त्रिक व्यवस्थामा खुल्लापन तथा संवादको महत्त्वमाथि जोड़ दिनुभयो। उहाँले भारतको विशाल विविधतालाई यसको लोकतान्त्रिक ताना-बानाको शक्तिका रूपमा उजागर गर्नुभयो। श्री मोदीले भन्नुभयो, भारतका लागि लोकतन्त्र केवल एउटा व्यवस्था नभएर हाम्रो मौलिक मूल्यको एउटा भाग हो। श्री मोदीले जोड़ दिँदै भन्नुभयो, भारतमा बीसवटा छुट्टा-छुट्टै पार्टीले विभिन्न राज्यमा शासन गरिरहेछन्, बीसवटा आधिकारिक भाषा तथा हजारौं बोली छन्। उहाँले भन्नुभयो, यही कारण हो कि भारतले आफ्नो देशमा आउने मानिसहरूलाई संधै खुल्ला हृदयले स्वागत गरेको छ। उहाँले लोकतन्त्र, गरिमा र लचीलोपनप्रति आफ्नो स्थायी प्रतिबद्धताका लागि पश्चिम अफ्रीकी राष्ट्रको सराहना गर्दै यसलाई अफ्रीकी महाद्वीपका लागि प्रेरणाको प्रतिक बताउनुभयो।

---------------------------------------X---------------------------------------

## Rajnath DAC

रक्षा मन्त्री राजनाथ सिंहको अध्यक्षतामा रक्षा खरीद परिषदले स्वदेशी माध्यमबाट एक लाख करोड़भन्दा अधिक राशिको दस पूञ्जी अधिग्रहण प्रस्तावलाई स्वीकृति प्रदान गऱ्यो। बख्तरबन्द वाहन, इलेक्ट्रोनिक युद्ध प्रणाली, तीनै सेनाका लागि एकीकृत सामान्य इन्वेन्ट्री प्रबन्धन प्रणाली र सतहदेखि हावामा प्रहार गर्ने मिसाइलको खरीदका लागि मञ्जूरी दिइयो। रक्षा मन्त्रालयकाअनुसार यस खरीदले उच्च गतिशीलता, प्रभावी वायु रक्षा, उचित आपूर्ति श्रृंखला प्रबन्धन प्रदान गर्नेछ र सशस्त्र बलको परिचालन तयारीमा

वृद्धि हुनेछ। Moored Mines, Mine Counter Measure Vessels, Super Rapid Gun Mount र Submersible Autonomous Vessels-को खरीदका लागि पनि स्वीकृति दिइयो। यो खरीद नौसेना र व्यापारिक जहाजका लागि सम्भावित खतरा कम गर्नमा सक्षम हुनेछ।

---------------------------------------X---------------------------------------

## Odisha Floods

ओडिशामा सुबर्णरेखा र बुधबलंगासहित विभिन्न नदीहरूको जलस्तर घटेपछि बालासोर, मयूरभञ्ज र जाजपुर जिल्लामा बाढीको स्थितिमा सुधार भइरहेछ। दुवै नदीको जलस्तर अझै खतराको निशानबाट माथि छ। बालासोर जिल्लामा बाढीका कारण दुईजनाको मृत्युको खबर छ। उत्तरी बालासोरका लगभग साठ्ठी गाउँमा सड़क र खेत जलमग्न भएपछि मानिसहरूले समस्याको सामना गर्नु परिरहेछ। छिमेकी राज्य झारखण्डका बाँधहरूबाट पानी छोड़िएका कारण यी गाउँहरूका मानिसहरूको अवस्था अझ बिग्रिएको छ।

---------------------------------------X---------------------------------------

## JK Amarnath Yatra

श्रीअमरनाथ जीको वार्षिक यात्रा सुचारू रूपमा चलिरहेछ। अड्तीस दिनसम्म चल्ने यात्रा दुवै मार्ग दक्षिण-कश्मीरको अनन्तनाग जिल्लामा पहलगाम र मध्य कश्मीरको गान्दरबल जिल्लामा बालतलदेखि आज शुरू भयो। दुवै मार्गबाट कडा सुरक्षाबीच आज बिहान श्रद्धालुहरूले यात्रा शुरू गरे। पवित्र गुफामा हिउँबाट शिवलिंगको आकृति बनिन्छ। यो गुफा कश्मीर क्षेत्रमा हिमालयमा बाह्र हजार सात सय छप्पन फीटको ऊँचाईमा स्थित छ।

---------------------------------------X---------------------------------------

## Balochistan-Human Rights

पाकिस्तानमा धेरै मानवाधिकार संगठनहरूले पाकिस्तानी सेनाद्वारा बलूचिस्तानका विभिन्न जिल्लाबाट छहजनालाई जबरजस्ति गायब गरिएकोमा चिन्ता व्यक्त गरेको छ। बलूच नेशनल मूभमेन्टका मानवाधिकार विभागअनुसार यो घटना विगत दुई दिनमा भएको हो, जब बलूचिस्तानमा जबरजस्ति गायब गरिने घटना बढ़ेको छ। मानवाधिकार संगठनले भनेको छ, यो अपहरणले व्यवस्थित प्रकारले बलूच युवाहरूलाई निशाना बनाइएको खतरनाक प्रवृत्तिलाई उजागर गर्दछ। मानवाधिकार कार्यकर्ताहरूले हिजो बलूचिस्तानको पञ्जगुर जिल्लामा मानवाधिकार संगठन बलूच यकजेहती समितिका एक सदस्यको गौर कानुनीपूर्ण ढङ्गमा गरिएको हत्या विरूध विरोध प्रदर्शनी पनि निकाले। पाकिस्तानको मानवाधिकार आयोगद्वारा हालै जारी प्रेस बयानले बढ़्दो दमनकारी माहौल प्रस्तुत गरेको छ, जसमा मानवाधिकार रक्षक अब पाकिस्तानमा काम गर्नका लागि मजबूर छन्। मानवाधिकार संस्थाले कब्जामा लिएका सबै मानवाधिकार कार्यकर्ताहरूको बिना शर्त रिहाई, बलूचिस्तानसहित पूरा पाकिस्तानमा जबरजस्ति

गायब गरिएको र गैर कानुनी रूपमा हत्यामाथि रोक लगाउने तथा सबै क्षेत्रमा लोकतान्त्रिक अधिकार बहाली गर्ने आह्वान गरेको छ।

---------------------------------------X---------------------------------------

Mango Cultivation - Abu Dhabi

वाणिज्य तथा उद्योग मन्त्रालयले भारतीय कृषि उत्पाद, विशेषगरी आँपको वैश्विक पहुँच बढ़ाउने प्रयासअन्तर्गत अबू धाबीमा आँप संवर्धन कार्यक्रमको आयोजना गरेको छ। संयुक्त अरब अमीरातमा भारतीय दूतावास र लुलु समूहको सहयोगमा भारतीय आँपको उत्सव, आँप उत्सव २०२५ शुभारम्भ गरियो। मन्त्रालयले भनेको छ, आँप संवर्धन कार्यक्रमको उद्देश्य अन्तरराष्ट्रिय उपभोक्ताहरू, विशेषगरी संयुक्त अरब अमीरात र खाड़ी क्षेत्रमा व्यापक मात्रामा प्रवासी भारतीयहरूका लागि भारतको राम्रो प्रकारका आँपको प्रदर्शन गर्नु हो।

---------------------------------------X---------------------------------------

Russia-Terrorist Plan

रूसको संघीय सुरक्षा सेवा (FSB)-ले सेन्ट पीटर्सबर्गमा एकजना तेहीस वर्षीय रूसी महिलालाई हिरासतमा लिएको छ। महिलामाथि यूक्रेनको विशेष सेवाको आदेशमा आतंकवादी आक्रमणलाई कथित रूपमा तयारी गरेको आरोप छ। महिलालाई कथित रूपमा एक रक्षाकर्मीको कारमा (IED) विस्फोमटक लगाउँदाको समयमा पक्राउ गरियो।

FSB-काअनुसार महिला धेरै सोशल मिडिया प्लेटफर्ममा यूक्रेनी विशेष सेवाका सदस्यरको सम्पर्कमा थिइन्। महिलाले रेलवेको पूर्वाधार संरचनाको सुविधामा आगो लगाउने प्रयास गरिन् र मस्कोमा धेरै सार्वजनिक स्थानहरूमा यूक्रेनको समर्थनमा नारा लेखिन्।

---------------------------------------X---------------------------------------

Gujarat-NSE Investors

गुजरात, देशको तेस्रो राज्य बनेको छ, जसका एक करोडभन्दा अधिक निवेशक शेयर बजारमा पञ्जीकृत छन्। नेशनल स्टक एक्सचेन्जकाअनुसार महाराष्ट्र र उत्तर प्रदेशपछि एक करोडभन्दा अधिक निवेशकहरूको पञ्जीकरणका साथ गुजरात तेस्रो राज्य बनेको छ। देशमा यी तीनै राज्यहरूको कुल निवेशक आधार छत्तीस प्रतिशत भएको छ। यस वर्ष मईसम्म देशमा कुल पञ्जीकृत निवेशकहरूको संख्या लगभग साढे एघार करोड पुग्यो।

---------------------------------------X---------------------------------------

Delhi-Van Mahotsav begins

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज भारत मण्डपममा दिल्ली सरकारद्वारा आयोजित वन महोत्सव 2025-को शुभारम्भ गर्नुभयो। यसका साथै विरूवा रोपण अभियानको पनि शुरूवात गरियो। हाम्रा संवाददाताकाअनुसार दिल्लीको पर्यावरणसित जोड़िएको

यस महत्त्वपूर्ण कार्यक्रममा पर्यावरण मन्त्री मनजिन्दर सिंह सिरसा, जनकार्य विभाग मन्त्री प्रवेश साहिब सिंह, नयाँ दिल्लीकी सांसद बाँसुरी स्वराज उपस्थित रहे।

यस महोत्सवमा औषधीय, देशी, विदेशी र सजावटी विरूवाका पचासभन्दा अधिक स्टल छन्। महोत्सवमा प्लास्टिकका जैविक-अनुकूल विकल्प पनि प्रदर्शित गरिँदैछ, जसको उद्देश्य स्थायी जीवनशैली विकल्पलाई प्राथमिकता दिनु हो।

यस अवसरमा मुख्यमन्त्रीले भन्नुभयो, रूख केवल पर्यावरणलाई स्वच्छ राख्नसम्म सीमित नभएर हाम्रा आउने पीढ़िहरूका लागि शुद्ध वायु प्रदान गर्ने जीवन्त संरक्षक हो। उहाँले भन्नुभयो, विगत चार महिनादेखि दिल्ली सरकार शहरको पर्यावरणलाई राम्रो बनाउन लगातार काम गरिरहेछ।

--------------------------------------X--------------------------------------

Delhi-Sirsa Vehicle Policy

दिल्लीका पर्यावरण मन्त्री मनजिन्दर सिंह सिरसाले एउटा पत्रको माध्यमबाट वायु गुणवत्ता प्रबन्धन आयोगसित दिल्लीमा समय पूरा भएका वाहनहरूलाई ईन्धन नदिने आदेशलाई फिर्ता लिने आग्रह गर्नुभएको छ। श्री सिरसाले पत्रमा भन्नुभएको छ, सरकारले आयोगसित आग्रह गरेको छ कि निर्देश संख्या उननब्बेको क्रियान्वयनलाई तत्काल प्रभावबाट तबसम्मका लागि रोक दिइयोस् जबसम्म स्वचालित नम्बर प्लेट पहिचान प्रणाली पूरा NCR-मा निर्बाध रूपमा एकीकृत हुँदैन। दिल्ली पर्यावरण मन्त्रीले आफूलाई दिल्ली सरकारको चलिरहेको बहुआयामी प्रयासबाट वायु गुणवत्तामा पर्याप्त सुधार हुने विश्वास छ।

--------------------------------------X--------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- भारत र घानाबीचको मित्रता घानाको प्रसिद्ध शुगर लोफ भुइँकटरभन्दा मिठो रहेको प्रधानमन्त्रीको भनाइ
- रक्षा खरीद परिषदद्वारा स्वदेशी माध्यमबाट एक लाख करोड़भन्दा अधिक राशिको दस पूञ्जी अधिग्रहण प्रस्तावलाई स्वीकृति प्रदान
- ओडिशामा विभिन्न नदीको जलस्तर घटेपछि बाढीको स्थितिमा सुधार
- श्रीअमरनाथ यात्रा कडा सुरक्षाबीच आज बिहान श्रद्धालुहरूको यात्रा शुरू अनि
- पाकिस्तानी सेनाद्वारा बलूचिस्तानका छहजनालाई गायब गरिएकोमा चिन्ता व्यक्त